# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, जेठ ७ गते, २०८३ साल (संख्या ८

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

### संवत् २०८३ सालको आदेश (नेराप) नम्बर १

**<u>ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८३</u>**

ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) आदेश, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस आदेशको नाम "ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>ई- गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) आदेश, २०७९ को दफा ७ मा संशोधन</u>** : ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) आदेश, २०७९ (यसपछि "मूल आदेश" भनिएको) को दफा ७ को खण्ड (ध) पछि देहायको खण्ड (न) थपिएको छ :-

"(न) सम्पूर्ण सरकारी सेवाहरू नागरिकलाई एकै ठाउँबाट सहजै प्रदान गर्नका लागि आवश्यक कार्यविधि बनाई नागरिक सेवा केन्द्र स्थापना, सञ्चालन तथा अनुगमन गर्ने।"

३. **<u>मूल आदेशमा दफा १८क. थप</u>** : मूल आदेशको दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"**१८क. <u>सफ्टवेयर विकास तथा सञ्चालन</u>** : नेपाल सरकारले आवश्यक कार्यविधि बनाई बोर्ड अन्तर्गत रहने गरी सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी निकायहरू र सार्वजनिक संस्थाहरूको सफ्टवेयर विकास, सञ्चालन, स्तरोन्नति र मर्मत तथा सम्भार लगायतका सूचना प्रविधि सम्बन्धी कार्य गर्न केन्द्र गठन गर्न सक्नेछ।"

**आज्ञाले,**

**पुष्कर सापकोटा**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।